कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: ६०/०८३
दर्ता मिति: २०८३/०६/३०

# विशेष मूल्य समायोजन सम्बन्धी कार्यविधि, २०८३

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ को उपदफा (१क) को प्रयोजनको लागि दफा ७४क. ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, मन्त्रीपरिषद्ले यो कार्यविधि स्वीकृत गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "विशेष मूल्य समायोजन सम्बन्धी कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ सम्झनुपर्छ।

(ख) "नियमावली" भन्नाले सार्वजनिक खरिद नियमावली, २०६४ सम्झनुपर्छ।

(ग) "निर्माण व्यवसायी" भन्नाले सार्वजनिक निकायसँग निर्माण कार्य गर्नेगरी खरिद सम्झौता गरेको व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनुपर्छ।

३. **विशेष मूल्य समायोजन गर्न सकिने अवस्था** : देहायका अवस्थामा यो कार्यविधिबमोजिम मूल्य समायोजन गर्न सकिनेछ :-

(क) अन्तर्राष्ट्रिय युद्धको कारणले आपूर्ति श्रृङ्खलामा अवरोध भई निर्माण सामग्री, श्रम, इन्धन, उपकरण वा ढुवानी लागतमा अस्वाभाविक मूल्य वृद्धि भएको वा प्रचलित मूल्य समायोजन प्रणालीबाट त्यस्तो मूल्य समुचित रूपमा सम्बोधन हुन नसक्ने अवस्था सृजना भएको भन्ने तथ्य अनुसूची बमोजिमका आधारबाट सार्वजनिक निकायबाट पुष्टि भएमा वा सालवसाली वा मूल्य समायोजनको व्यवस्था नभएका ठेक्का भएमा,

(ख) वास्तविक लागत वृद्धिमा विचार गरी आयोजनाको निरन्तरता हुने र सार्वजनिक हित पुग्ने देखिएमा,

(ग) अन्तराष्ट्रिय युद्धको कारणले आपूर्ति श्रृङ्खलामा अवरोध सुरु भएको मितिभन्दा अघि बोलपत्र आह्वान गरेको वा ठेक्का सम्झौता भई निर्माण कार्य भइरहेको भएमा, र

(घ) खण्ड (ग) बमोजिमको परिस्थिति प्रारम्भ भएपछि ठेक्का अवधि वा त्रुटि सच्याउने अवधि कायम रहेको अवस्थामा।

पुष्कर सापकोटा
सचिव

४. <u>विशेष मूल्य समायोजन गर्न सकिने निर्माण सामग्री र सीमा</u> : (१) निर्माण सामग्री, श्रम, इन्धन, उपकरण वा ढुवानी लागतमा अस्वाभाविक मूल्यवृद्धि भएको अवस्थामा मात्र विशेष मूल्य समायोजन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम विशेष मूल्य समायोजन गर्दा अन्तर्राष्ट्रिय युद्धको कारणले आपूर्ति श्रृङ्खलामा अवरोध सुरु भएको मितिको मूल्यको दश प्रतिशतभन्दा बढी बढेकोमा मात्र मूल्य समायोजन गरिनेछ।

(३) उपदफा (१) बमोजिम दश प्रतिशतभन्दा बढी मूल्य बढेकोमा दश प्रतिशत मूल्य कट्टा गरी सुरु सम्झौता रकमको अधिकतम पच्चिस प्रतिशतमा नबढ्ने गरी मूल्य समायोजन गर्नु पर्नेछ।

(४) मूल्य समायोजनको व्यवस्था भएका ठेक्काको हकमा प्रचलित कानूनी व्यवस्था तथा सम्झौताबमोजिम प्राप्त हुने मूल्य समायोजन रकम घटाई बाँकी हुने रकम मात्र विशेष मूल्य समायोजनका रूपमा उपलब्ध गराउन पर्नेछ।

५. <u>निवेदन पेस गर्नुपर्ने</u> : (१) दफा ३ को अवस्थाका कारणले निर्माण व्यवसायीले प्रचलित मूल्य समायोजन प्रणालीबाट मूल्य वृद्धि समुचित रूपमा सम्बोधन हुन नसक्ने बेहोरा उल्लेख गरी दफा ६ बमोजिमका कागजात सहित मूल्य समायोजनका लागि सम्बन्धित सार्वजनिक निकायसमक्ष निवेदन दिनु पर्नेछ।

(२) निर्माण व्यवसायीले उपदफा (१) बमोजिम निवेदन पेस नगरेमा विशेष मूल्य समायोजन गरिनेछैन।

(३) नेपाल सरकारको पूर्वाधार विकास सम्बन्धी विषय हेर्ने मन्त्रालयले दफा ३ बमोजिमको अवस्था समाप्त भएको सूचना प्रकाशन गरेको एक महिनापछि यस कार्यविधिबमोजिम मूल्य समायोजन हुनेछैन ।

६. <u>निवेदन साथ पेस गर्नुपर्ने कागजात</u> : दफा ५ बमोजिम निवेदन पेस गर्दा देहायका कागजात पेस गर्नु पर्नेछ :-

(क) सम्बन्धित निर्माण सामग्रीको मूल्य खुल्ने आवश्यक कागजात तथा प्रमाण,

(ख) सार्वजनिक निर्माण कार्यमा खपत भएको वास्तविक परिमाण खुल्ने कागजात,

(ग) दफा ४ बमोजिमको निर्माण सामग्रीको खरिदको बिल बिजक लगायत यथासम्भव अन्य उपयुक्त खरिद प्रमाणित गर्ने चलानी, आपूर्ति सम्झौता जस्ता कागजात, र

(घ) निवेदन पेस भएको मिति सम्मको आयोजनाको प्रगति विवरण।

७. <u>विशेष मूल्य समायोजनको निर्धारण</u> : (१) सम्बन्धित सार्वजनिक निकायले यस कार्यविधिबमोजिम प्राप्त निवेदन उपर पैतालिस दिनभित्र जाँचबुझ गरी अनुसूचीबमोजिम विशेष मूल्य समायोजन यकिन गरी मूल्य समायोजनको निर्धारण गर्नु पर्नेछ।

पुष्कर सापकोटा
सचिव

(२) उपदफा (१) बमोजिमको मूल्य समायोजनको जानकारी सार्वजनिक निकायले माथिल्लो निकायमा दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त जानकारी समेतका आधारमा माथिल्लो निकायले आफू अन्तर्गतका निकायबाट यस कार्यविधिबमोजिम भएका विशेष मूल्य समायोजनको एकीकृत विवरण तयार गरी अनुगमन गर्नु पर्नेछ।

८. <u>सार्वजनिक निकायको काम, कर्तव्य र अधिकार</u> : विशेष मूल्य समायोजन सम्बन्धमा सार्वजनिक निकायको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) दफा ४ बमोजिम मूल्य समायोजन हुने निर्माण सामग्री निर्धारण गर्ने,

(ख) निर्माण व्यवसायीको निवेदन तथा संलग्न कागजातको अध्ययन गर्ने,

(ग) स्वीकृत नर्म्सबमोजिम पेट्रोलियम पदार्थ तथा अन्य निर्माण सामग्री खपत भएको वास्तविक परिमाण यकिन गर्ने,

(घ) आवश्यकताअनुसार निर्माण कार्यको स्थलगत निरीक्षण गर्ने,

(ङ) विशेष मूल्य समायोजनका लागि निर्माण सामग्रीको मूल्य यकिन गर्ने

(च) मूल्य समायोजनबाट दोहोरो लाभ नभएको सुनिश्चित गर्ने, र

(छ) दफा ७ बमोजिम विशेष मूल्य समायोजन यकिन भएबमोजिम मात्र भुक्तानी प्रदान गर्ने।

९. <u>विशेष मूल्य समायोजन गर्न नसकिने</u> : देहायको अवस्थामा यो कार्यविधिबमोजिम मूल्य समायोजन गर्न सकिनेछैन :-

(क) पूर्व निर्धारित क्षतिपूर्ति लागेको अवस्था भएमा, वा

(ख) ठेक्का सम्झौतामा नै काबु बाहिरको परिस्थितिजन्य (फोर्स मेजोर) मूल्य वृद्धिबापत अलग्गै क्षतिपूर्ति दिने वा समायोजन गर्ने व्यवस्था उल्लेख भई सोबापत निर्माण व्यवसायीले सम्झौताबमोजिम नै वास्तविक क्षतिपूर्ति वा समायोजन पाइसकेको वा पाउने अवस्था भएमा।

१०. <u>मूल्य समायोजन सूचकाङ्क सम्बन्धी व्यवस्था</u> : मूल्य समायोजन सूचकाङ्क खरिद सम्झौताको म्याद थपका बखत मूल्य समायोजन सूचकाङ्कका सम्बन्धमा अन्यथा निर्णय भएको भए यो कार्यविधि प्रारम्भ भएपछि मूल्य समायोजन गर्दा कायम रहेको सूचकाङ्कलाई हालको सूचकाङ्क मानी मूल्य समायोजन गर्न बाधा पर्नेछैन।

पुष्कर सापकोटा
सचिव

## अनुसूची

(दफा ३ को खण्ड (क) र दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

### विशेष मूल्य समायोजन निर्धारण गर्ने आधार

यस कार्यविधिबमोजिम प्राप्त निवेदन उपर सार्वजनिक निकायले जाँचबुझ गरी विशेष मूल्य समायोजनको निर्धारण देहायबमोजिमको सूत्रको आधारमा यकिन गर्नु पर्नेछ।

### मूल्य समायोजन सूत्र

$$P = [Ri - (Ro \times 1.1)] \times Q$$

**मूल्य समायोजन सूत्रको व्याख्या :**

| सङ्केत | व्याख्या |
|---|---|
| P | विशेष मूल्य समायोजन रकम (रु.) |
| Ro | अन्तर्राष्ट्रिय युद्धको कारणले आपूर्ति शृङ्खलामा अवरोध सुरु भएको मितिको पट्रोलियम पदार्थको हकमा नेपाल आयल निगमले निर्धारण गरेको दर र अन्य निर्माण सामग्रीको हकमा आधिकारिक स्रोतबाट जारी भएको दर |
| Ri | मूल्य समायोजन भुक्तानीका लागि निवेदन पेस गरेको मितिभन्दा ३० दिन अगाडि कायम दर तथा पट्रोलियम पदार्थको हकमा नेपाल आयल निगमबाट र अन्यको हकमा मूल्य निर्धारण गर्ने आधिकारिक निकायले निर्धारण गरेको दर |
| Q | सार्वजनिक निर्माण कार्यमा खपत भएको वास्तविक परिमाण |

**गणना उदाहरण**

बिटुमिनको हकमा एक अवधिको समायोजन गणना उदाहरण देहायबमोजिम प्रस्तुत गरिएको छ :-

| विवरण | मान | कैफियत |
|---|---|---|
| आधार दर (Ro)-बिटुमिन प्रति लिटर रु. | १००.०० | |
| प्रचलित दर (Ri)-बिटुमिन प्रति लिटर रु. | १३०.०० | |
| प्रयोग भएको परिमाण (Q) लिटर | ५,००० | |
| Ro x 1.1 | ११०.०० | |
| [Ri - (Ro X 1.1)] | २०.०० | |
| P = [Ri-(Ro X 1.1)]x Q रु. | १,००,०००.०० | |

विशेष मूल्य समायोजन गरिने प्रत्येक निर्माण सामग्रीको लागि अलग-अलग गणना गरी सबैको कुल योगफल निकाली विशेष मूल्य समायोजन रकम निर्धारण गर्न सकिनेछ।

पुष्कर सापकोटा
सचिव